प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/१३
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा १५५, चितवनमा ५७, काभ्रेपलान्चोकमा २७, भक्तपुरमा २२, ललितपुरमा १९, मकवानपुरमा १३, धादिङमा १०, सिन्धुलीमा ५, नुवाकोटमा १, दोलखामा १ र सिन्धुपाल्चोकमा १ गरी जम्मा ३११ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ।

- ललितपुर-२३ ,धापाखेल निवासी ७२ वर्षिया पुरुषको मिति २०७७ भाद्र ११ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । मृगौला को रोगको कारणले निज भाद्र ९ गते आइ. सि. युमा भर्ना भई उपचार हुने क्रममा भाद्र १२ गते कोरोना पुष्टी भएको थियो । महालक्ष्मी-१, ललितपुर निवासी ६१ वर्षिया पुरुषको मिति २०७७ भाद्र १३ गते काठमाण्डौ मेडिकल कलेज, सिनामंगलमा निधन भएको छ । मधुमेहकी विरामी निज भाद्र ७ गते उपचारको लागि भर्ना भएको र भाद्र ८ गते कोरोना पुष्टी भएको थियो । काठमाण्डौ-२१, जैशिदेवल निवासी ५१ वर्षिया महिलाको मिति २०७७ भाद्र १२ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । ज्वरो आई श्रावण ३० गते भर्ना भई उपचाररत निजको सोही दिन कोरोना पुष्टी भएको थियो (निज उच्च रक्तचापको समेत विरामी हुनुहुन्थ्यो) ।
- काठमाण्डौ-३, वसुन्धरा निवासी ८३ वर्षिया पुरुषको मिति २०७७ भाद्र १२ गते सशस्त्र प्रहरी वल अस्पताल, वलम्बुमा निधन भएको छ । वि पि स्मृती कम्युनिटी कोअपरेटिभ अस्पतालमा उपचाररत निजलाई भाद्र १२ गते प्रेषण गरिएको र सशस्त्र प्रहरी वल अस्पतालमा मृत घोषित गरिएको थियो । निजको भाद्र १३ गते कोरोना पुष्टी भएको हो ।
- ठिमी, भक्तपुर निवासी ६२ वर्षिया महिलाको मिति २०७७ भाद्र १३ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । भाद्र ८ गते अस्पताल भर्ना भई उपचाररत निजको श्रावण ३० गते कोरोना पुष्टी भएको थियो । भक्तपुर-३ निवासी ८२ वर्षिया पुरुषको मिति २०७७ भाद्र १२ गते भक्तपुर अस्पतालमा निधन भएको छ । निमोनिया तथा श्वास प्रश्वासमा समस्या भई उपचाररत निजको भाद्र १३ गते कोरोना पुष्टी भएको थियो । (निज मधुमेहका समेत विरामी हुनुहुन्थ्यो) ।
- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना व्यक्त गर्दछ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको १८ प्रतिशत (१८.५२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको

छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।

- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ३७३४० (१००%) | ६९१६ (१००%) |
| निको भएको | २०५५५ (५५.१%) | १००१ (१४.५%)* |
| उपचाररत | १६५७८ (४४.४%) | ५८६७ (८४.८%)* |
| मृत्यु भएको | २०७ (०.५%) | ४८ (०.६%)* |

श्रोतः - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१३; - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१३

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९६८६ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले २२३५ जना बस्दै आउनुभएको र ११०८ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा २७९९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २५२५ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४१५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ५८९१२ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | १०४ | ३४० | १२१२ | १८७७ | १०८६० | १०५२८ | ३३२ | २३५०५ | १५५ | ३९६४ |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | १९ | ६०७ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | ६५ | २३९६ | २३७६ | २० | ४८४५ | २२ | ४४३ |
| रसुवा | २७८ | ० | २३ | ३५ | ५ | ७१७ | ७०५ | १२ | ७५४ | | १८ |
| नुवाकोट | ११७७ | १६१५ | ५८ | ४० | २० | ३२९२ | ३१०२ | १९० | ३०५७ | १ | ८९ |
| धादिङ | ३१५ | २४ | २१ | ६२ | १० | ३१३५ | २९९० | १४५ | २२४२ | १० | २१२ |
| चितवन | २४६५ | २०२ | १४४ | ३५५ | ८५ | १८३८ | १८२३ | १५ | ६७३७ | ५७ | ५८० |
| सिन्धुली | ३९२ | ५६ | ६ | ४३ | ३१ | १२३० | ११९६ | ३४ | २३२१ | ५ | ७६ |
| मकवानपुर | ४०७ | १६ | ६० | २१७ | ७९ | १९३९ | १९१९ | २० | ५३८० | १३ | ५०४ |
| रामेछाप | ५०० | ६५ | ० | १०४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | | ६७ |
| दोलखा | ९८६ | ६४ | २ | २७ | १८ | १७४६ | १७३२ | १४ | १५४६ | १ | ४९ |
| काभ्रेपलान्चोक | ८५१ | ३१ | १०९ | १०६ | १३७ | ३२८२ | ३२३२ | ५० | २४७५ | २७ | २०५ |
| सिन्धुपाल्चोक | ७८९ | २१ | १०० | ५६ | ११ | १४५८ | १४४५ | १३ | ३००६ | १ | १०२ |
| जम्मा | ९६८६ | २२३५ | ११०८ | २७९९ | २५२५ | ३७४१५ | ३६५०७ | ९०८ | ५८९१२ | ३११ | ६९१६ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार


## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ, देशको अन्य प्रयोगशालामा भएको पी. सी. आर को नतिजा तलको टेबलमा समाबेस गरिएको छैनः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडा स्थित प्रदेश प्रयोगशाला | १९९५७ | ११५ | ४५५ | ९ जनाः<br>मकवानपुर-८, नुवाकोट-१ | ४४६ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | १७२१ | २१३ | १३२ | ३९जनाः<br>भक्तपुर-१३, काभ्रेपलान्चोक-९, सिन्धुली-५, बाजुरा-२, रुकुम-२, तनहुँ-२, कंचनपुर-२, धादिङ-१, नवलपरासी-१, डोटी-१, नवलपरासी-१ | ९३ | |

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१३

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१३

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय : https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन/नेपालः https://www.who.int/nepal

अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।

धन्यवाद !

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई